## मिति २०७७।०५।१० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

१. महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०७७ प्रदेश सभामा पेश गर्ने।

२. मुख्य न्यायाधिवक्ताको कार्यालयको २०७५/७६ को वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्ने।

३. भूमि सम्बन्धी समस्या समाधान आयोगको सदस्यमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले पाए सरहको तलब, भत्ता, सवारी र इन्धन सुविधा पाउने गरी भानु नगरपालिका वडा नं. ३, तनहूँ स्थायी ठेगाना भएका श्री एक बहादुर रानामगरलाई मनोनयन गर्ने।

४. गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।

५. गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्तिका लागि सिफारिश गर्न छनौट समिति गठन गर्ने।

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतका घरेलु तथा साना उद्योग कार्यालय (१० जिल्ला) र पर्यटन कार्यालय, पोखराको अस्थायी दरवन्दी स्वीकृत गर्ने।